# नेपाल एसबिआई बैंक लिमिटेड
# विशेष साधारण सभाको काम कारबाहीको विवरण (माइन्यूट)

## १. वैधानिक सभा :–

नेपाल एसबिआई बैंक लिमिटेडको विशेष साधारणसभा संचालक समितिका अध्यक्ष श्री कृष्ण प्रसाद आचार्यज्यू कामको सिलसिलामा देश बाहिर रहनुभएको कारण कम्पनी ऐन, २०६३ को दफा ७४ को उपदफा १ एवं बैंकको नियमावलीको नियम ६ को उपनियम (१) बमोजिम संचालकहरुले आफूमध्येबाट छानेको/मनोनित गरेका संचालक श्री केशव राज आचार्यज्यूको अध्यक्षतामा देहायबमोजिम सम्पन्न भयो ।

## २. सभाको मिति, स्थान तथा समय :-

मिति : वि.सं. २०७४ भाद्र १२ गते (तदनुसार २८ अगष्ट २०१७) सोमवार ।

स्थान : त्रिभुवन आर्मी अफिसर्स क्लब, भद्रकाली, काठमाडौं ।

समय : दिनको ११:०० बजे ।

## ३. उपस्थिति :–

**क) संचालकको उपस्थिति :**

| | | | |
|---|---|---|---|
| १. | श्री केशव राज आचार्य | : | सभाध्यक्ष /संचालक |
| २. | श्री सुजित कमार वर्मा | : | संचालक |
| ३. | श्री भी.के.त्यागी | : | संचालक |
| ४. | श्री निरञ्जन कुमार टिवरेवाला | : | संचालक |
| ५. | श्री धुब भट्टराई | : | बैकल्पिक संचालक |
| ६. | श्री अनुकूल भटनागर | : | प्रबन्धसंचालक |

**ख) पर्यवेक्षकको उपस्थिति :**

| | | | |
|---|---|---|---|
| १. | श्री राजन कुमार बस्नेत | : | पर्यवेक्षक, कम्पनी रजिष्ट्रारको कार्यालय |



NEPAL SBI BANK LTD. CORPORATE OFFICE KTM.

**ग) व्यवस्थापन पदाधिकारीको उपस्थिति :**

| | | | |
|---|---|---|---|
| १. | श्री शुभकान्त कानुनगो | : | नायव सिइओ/प्रमुख संचालन अधिकृत |
| २. | श्री प्रिय रञ्जन | : | प्रमुख वित्तीय अधिकृत |
| ३. | श्री छपि राज पन्त | : | प्रमुख जोखिम अधिकृत |
| ४. | श्री देवराज अधिकारी | : | प्रमुख कर्जा अधिकृत (कार्यबाहक) |
| ५. | श्री रमेश घिमिरे | : | कम्पनी सचिव |
| ६. | श्री लेखनाथ पोखरेल | : | प्रमुख-लेखा परीक्षण विभाग |
| ७. | श्री सन्तोष भण्डारी | : | प्रमुख- वित्त तथा योजना विभाग |

**घ) आमन्त्रितको उपस्थिति :**

| | | | |
|---|---|---|---|
| १. | श्री पूर्णमान शाक्य | : | कानूनी सल्लाहकार |
| २. | श्री एल. पि. लुइटेल | : | बाह्य लेखापरीक्षक - प्रतिनिधि पि.एल.श्रेष्ठ एण्ड कं, चार्टर्ड एकाउण्टेन्टस् |

**ङ) शेयरधनीको उपस्थिति :**

| | | |
|---|---|---|
| स्वयं उपस्थित | : | ४३८ जना । |
| प्रतिनिधि मार्फत उपस्थित | : | ३७ जना । |

**४. सभामा प्रस्तुत छलफलका विषयहरू :–**

**क) विशेष प्रस्ताव :**

१. संचालक समितिको गठन तथा समितिमा शेयरधनीहरूको समुहगत प्रतिनिधत्वमा परिवर्तन गरी संस्थापक शेयरधनी समुहलाई प्रतिनिधित्व गर्ने शेयरधनीहरूबाट ४ जना र सर्वसाधारण शेयरधनी समुहलाई प्रतिनिधित्व गर्ने शेयरधनीहरूबाट १ जना र स्वतन्त्र संचालक १ जना गरी संचालक समितिमा ६ जना सदस्यहरु रहने ब्यवस्था कायम गर्न बैंकको नियमावलीको नियम ८ को उपनियम (१) र (२), नियम १६ र नियम १७ मा देहाय बमोजिम संशोधन गर्ने :



NEPAL SBI BANK LTD. CORPORATE OFFICE KTM.

| हालको व्यवस्था | | प्रस्तावित संशोधन | | संशोधन को कारण |
|---|---|---|---|---|
| नि | | नियम | | |
| ८(१) | संस्थापक समुह तथा सर्वसाधारण शेयरधनी समुह प्रत्येकले धारण गरेको शेयरको अनूपातमा संचालकहरू क्रमशः नियूक्त तथा निर्वाचित हूनेछन् । तर, व्यावसायिक विशेषज्ञ संचालकको नियूक्ति यस निमावलीको नियम १६ मा उल्लिखित व्यवस्थाको अधीनमा रही संचालकसमितिबाट हूनेछ । | ८(१) | संस्थापक समुह तथा सर्वसाधारण शेयरधनी समुह प्रत्येकले धारण गरेको शेयरको अनूपातमा संचालकहरू क्रमशः नियूक्त तथा निर्वाचित हूनेछन् । तर, स्वतन्त्र संचालकको नियूक्ति यस निमावलीको नियम १७ मा उल्लिखित व्यवस्थाको अधीनमा रही संचालकसमितिबाट हूनेछ । | नेपाल राष्ट्र बैंकको निर्देशनको पालना गर्न |
| ८(२) | संचालकसमितिमा ८ जना सदस्यहरू रहनेछन् र संचालकसमितिको गठन तथा समितिमा शेयरधनीहरूको समुहगत प्रतिनिधत्व देहायबमोजिम हूनेछ;<br>(क)संस्थापक शेयरधनी समुह ( समुह "क") लाई प्रतिनिधित्व गर्ने शेयरधनीहरूबाट मनोनीत सदस्यहरू - ५<br>अ) एस.बि.आई. - ४<br>आ) कर्मचारी संचय कोष - १<br>(ख) सर्वसाधारण शेयरधनी समुह (समुह "ख") लाई प्रतिनिधित्व गर्ने शेयरधनीहरूबाट निर्वाचित - २<br>(ग) यस नियमावलीको नियम १६ बमोजिम संचालकसमितिले नियुक्त गर्ने व्यावसायिक विशेषज्ञ संचालक - १ | ८(२) | संचालकसमितिमा ६ जना सदस्यहरू रहनेछन् र संचालकसमितिको गठन तथा समितिमा शेयरधनीहरूको समुहगत प्रतिनिधत्व देहायबमोजिम हूनेछ;<br>(क) संस्थापक शेयरधनी समुह (समुह "क") लाई प्रतिनिधित्व गर्ने शेयरधनीहरूबाट मनोनीत सदस्यहरू - ४<br>अ) एस.बि.आई. - ३<br>आ) कर्मचारी संचय कोष- १<br>(ख) सर्वसाधारण शेयरधनी समुह (समुह "ख") लाई प्रतिनिधित्व गर्ने शेयरधनीहरूबाट निर्वाचित - १<br>(ग)यस नियमावलीको नियम १७ बमोजिम संचालकसमितिले नियुक्त गर्ने स्वतन्त्र संचालक - १ | |



NEPAL SBI BANK LTD. CORPORATE OFFICE KTM.

| | | | | |
|---|---|---|---|---|
| १६ | **व्यावसायिक विशेषज्ञ संचालकको नियूक्तिसम्बन्धी व्यवस्था:** नेपाल राष्ट्र बैंकले कायम गरेको व्यावसायिक विशेषज्ञहरूको सुचीमा रहेका व्यक्तिहरू मध्येबाट संचालकसमितिले एक जना व्यावसायिक विशेषज्ञ संचालक नियूक्त गर्नेछ । त्यस्तो संचालकको कार्यकाल, योग्यता इत्यादि प्रचलित बैंक तथा वित्तीय संस्थासम्बन्धी कानुनमा तोकिएबमोजिम हूनेछ । | १६ | हटाउने | |
| १७ | **स्वतन्त्र संचालकसम्बन्धी व्यवस्था:** प्रचलित बैंक तथा वित्तीय संस्थासम्बन्धी कानुनले गरेको व्यवस्थाबमोजिम नियम १६ मा उल्लेख भएअनूरूप बैंकले एक जना व्यावसायिक विशेषज्ञ संचालक नियूक्त गर्नेछ । यसकारण बैंकको संचालकसमितिमा अन्य कूनै पनि स्वतन्त्र संचालक रहनेछैन । | १७ | **स्वतन्त्र संचालकसम्बन्धी व्यवस्था:** प्रचलित बैंक तथा वित्तीय संस्थासम्बन्धी कानुनले गरेको व्यवस्थाबमोजिम बैंकले एक जना स्वतन्त्र संचालक नियूक्त गर्नेछ । त्यस्तो संचालकको पदावधि, योग्यता लगायतका विषयहरु प्रचलित बैंक तथा वित्तीय संस्थासम्बन्धी कानूनमा तोकिए बमोजिम हुनेछ र त्यस्तो संचालकको नियुक्तीको जानकारी लगतै बस्ने साधारणसभालाई दिइनेछ । | |

२. नियामक निकायहरुको निर्देशनमा नियमावलीका प्रस्तावित संशोधनहरुमा परिमार्जन गर्न आवश्यक र उपयुक्त भएमा सो गर्न संचालक समितिलाई अधिकार प्रदान गर्ने ।

३. विविध (अध्यक्षज्यूको अनुमतिमा) ।

सर्वप्रथम बैंकको संचालक समितिका उपस्थित सदस्यहरू, आमन्त्रित एवं पर्यवेक्षक महानुभावहरू र बैंक व्यवस्थापनका कर्मचारीहरूले मञ्च(डायस)मा आई आसन ग्रहण गर्नुभयो ।



NEPAL SBI BANK LTD. CORPORATE OFFICE KTM.

५.गणपुरक संख्या :–

| कूल शेयरधनी संख्या | कूल शेयर संख्या | शेयरधनीको उपस्थिति | | | | | | शेयर प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | स्वयं उपस्थित | | प्रतिनिधीमार्फत | | कूल उपस्थित | | |
| | | संख्या | शेयर | संख्या | शेयर | संख्या | शेयर | |
| ४२,३५४ | ६,९७,१७,९८२.५९ | ४३८ | ४,१०,९१,५१६ | ३७ | १,५६,७१६ | ४७५ | ४,१२,४८,२३२ | ७०.६४% |

६. स्वागत :–

सभाको शुरूमा कम्पनी सचिव श्री रमेश घिमिरेले सभामा उपस्थित संचालक, पर्यवेक्षक, आमन्त्रीत तथा सम्पूर्ण शेयरधनीलाई हार्दिक स्वागत गर्दै आसन ग्रहणका लागि अनुरोध गर्नु भयो । संचालक समितिका अध्यक्ष श्री कृष्ण प्रसाद आचार्य तथा एस.बि.आई. लाई प्रतिनिधित्व गर्ने संचालक श्री सिद्धार्थ सेन गुप्ता कार्यालयीय आकश्मिकताका कारण तथा संचालक श्री संजय कुमार सुरेका व्यक्तिगत कारणले अनुमति सहित अनुपस्थित हुनुभएको जानकारी गराइयो ।

७. सभाको वैधानिकता :–

आज बोलाइएको विशेष साधारण सभा शुरु हुनु अघि सभाको वैधानिकताको विषयमा छलफल भयो । आजको विशेष साधारण सभाको सूचना वि.सं. २०७४ श्रावण १९ गतेको "कारोबार राष्ट्रिय आर्थिक" दैनिक र २०७४ श्रावण २६ गते तथा २०७४ भाद्र ११ गतेको "आर्थिक अभियान" राष्ट्रिय दैनिकमा प्रकाशित गरिनुका साथै इच्छुक शेयरधनीहरूले बैंकको प्रधान कार्यालय तथा बैंकको शेयर रजिष्ट्रार नेपाल एसबिआई मर्चेण्ट बैंकिङ्ग लिमिटेडमा आएर र बैंकको वेबसाइट मार्फत समेत सभामा छलफल गरिने सम्पूर्ण विषयहरूका बारेमा शेयरधनीहरुलाई जानकारी एवं सूचित गरिएको कम्पनी सचिवद्वारा सभामा जानकारी गराइयो । आजको सभामा कुल ४२,३५४ शेयरधनीहरूमध्ये दिनको ११ बजेसम्ममा ४३८ जना शेयरधनीहरू स्वयं उपस्थित र ३७ जना शेयरधनी प्रतिनिधी मार्फत उपस्थित हुनुभई कुल चुक्ता पूँजीको ७०.६४ प्रतिशत शेयरको प्रतिनिधित्व भएको देखियो । सभामा उपस्थित सबै शेयरधनीहरू सभामा भाग लिन तथा मतदान गर्न पाउने भएको र आजको यस विशेष साधारण सभाका लागि कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा (२) बमोजिम



NEPAL SBI BANK LTD. CORPORATE OFFICE KTM.

शेयरधनीहरूलाई सूचना दिइएको एवं सोही ऐनको दफा ७३ को उपदफा (२) अनुरूपको गणपूरक संख्यासमेत पुगेको बेहोरा कम्पनी सचिव श्री रमेश घिमिरेले सभाका अध्यक्षसमक्ष प्रस्तुत गर्नुभयो । सभा बोलाउनका लागि प्रचलित ऐन, कानूनको व्यवस्थाको पालना गरेको पाइएको र सभाको लागि आवश्यक गणपूरक संख्यासमेत पुगेको देखिएकोले सभाध्यक्ष श्री केशव राज आचार्यज्यूले आजको सभाको काम-कारबाही शुरू गर्नुभयो ।

सभामा भएको छलफल तथा निर्णयको विवरण देहायबमोजिम रहेकोछ :

## ८. सभा संचालन तथा छलफलका विषयहरुको प्रस्तुति :–

क) आज बसेको विशेष साधारणसभाका सभाध्यक्ष श्री केशव राज आचार्यले उपस्थित सबै शेयरधनी महानुभावहरूलाई स्वागत गर्दै बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा नेपाल राष्ट्र बैंकको मिति २०७४/२/२२ को सूचना बमोजिम संचालक समितिको गठनका सम्बन्धमा बैंकको नियमावलीमा संशोधन गर्नुपर्ने भएको सन्दर्भमा बैंक संचालक समितिको मिति २०७४ असार ४ गते बसेको ४०८औं बैठकको निर्णय अनुसार आजको विशेष साधारण सभा आह्वान गरिएको सभासमक्ष प्रस्तुत गर्नुभयो ।

ख) सभाध्यक्षले बैंक संचालक समितिको मिति २०७४ असार ४ गते बसेको ४०८औं बैठकले बहुमतबाट बैंकको नियमावलीको नियम ८ को उपनियम (१) र (२), नियम १६ र नियम १७ मा संशोधन गरी संचालक समितिको संख्या साविकको ८ बाट ६ कायम गर्ने र सोही अनुसार संस्थापक शेयरधनी समुहलाई प्रतिनिधित्व गर्ने संचालक तर्फ साविकको ५ बाट १ घटाई ४ कायम गर्ने र सर्वसाधारण शेयरधनी समुहलाई प्रतिनिधित्व गर्ने संचालक तर्फ साविकको २ बाट १ घटाई १ कायम गर्ने गरी दुबै समुहतर्फ एक एक जना संचालक कम गर्ने गरी नियमावलीमा संशोधन गर्ने प्रस्ताव यस सभासमक्ष पेश गर्ने निर्णय गरेको र प्रस्तावित व्यवस्थाले संचालक समितिको गठनमा संख्यात्मक परिवर्तन मात्र गर्ने हुँदा संचालक समितिमा हाल विद्यमान प्रतिनिधित्वको समिकरणमा भने कुनै परिवर्तन नहुने र प्रस्तावित संरचना प्रचलित कानूनले निर्धारण गरेको सिमाभित्र रही सबै शेयरधनी समुहको प्रतिनिधित्वको अनुपात न्यायोचित र सर्वोकृष्ट रुपमा कायम हुनेगरी शेयरधनीको यस सभा समक्ष जाहेर गरेको तथा विगतदेखिनै यस बैंकका कुल संचालकहरुमध्ये ५० प्रतिशत संचालक बहुसंख्यक शेयर धारण



NEPAL SBI BANK LTD. CORPORATE OFFICE KTM.

गर्ने संस्थापक एस.बि.आई. र बाँकी ५० प्रतिशत संचालक स्थानिय स्तरबाट नियुक्त तथा निर्वाचित हुदै आएको बेहोरा जानकारी गराउँदै यसरी संचालकको संख्या हेरफेर र कम गर्दा एस.बि.आई. र सर्वसाधारण शेयरधनीको प्रतिनिधित्व गर्ने एक एक जना संचालक कम हुन जाने र साविकको जस्तै कर्मचारी संचय कोषको १ जना,सर्वसाधारण शेयरधनीलाई प्रतिनिधित्व गर्ने संचालक १ जना र विशेषज्ञ/स्वतन्त्र संचालक १ जना गरी स्थानिय संचालक जम्मा ३ जना र एस.बि.आई.लाई प्रतिनिधित्व गर्ने संचालक जम्मा ३ जना हुने गरी संयुक्त लगानीको बैंकमा स्वदेशी र विदेशी लगानीको प्रतिनिधित्व समेत बराबर हुन जाने अवस्थालाई मध्यनजर गरी यो संशोधन प्रस्ताव उपयुक्त लागेको हुँदा सोही बमोजिम सभासमक्ष उक्त प्रस्ताव निर्णयार्थ पेश गरेको जानकारी गराउनुभयो । साथै, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले साविकको विशेषज्ञ संचालकको व्यवस्था खारेज गरी स्वतन्त्र संचालकको व्यवस्था गरे बमजिम उक्त व्यवस्थाको परिपालनाका लागि नियम १६ र १७ संशोधन गर्ने प्रस्ताव गरेको समेत सभासमक्ष जानकारी गराउनुभयो ।

तत्पश्चात सभाअध्यक्षले प्रस्तावित विशेष प्रस्ताव उपर छलफलका लागि प्रस्तुत गर्नुभई त्यसउपरको छलफलमा भाग लिन तथा आफ्ना विचार तथा जिज्ञासाहरू व्यक्त गर्नका लागि शेयरधनीहरूलाई अनुरोध गर्नुभयो ।

## ९. <u>छलफलमा सहभागी हुनेहरू</u> :–

छलफलका क्रममा देहायमा उल्लेख भएबमोजिमका शेयरधनी महानुभावहरूले बैंकको नियमावलीमा संशोधन तथा बैंकको कामकारबाहीका सम्बन्धमा आ-आफ्ना राय तथा जिज्ञासाहरू व्यक्त गर्नुभयो ।

- श्री अमृत नाथ रेग्मी
- श्री बलराम सापकोटा
- श्री बैजनाथ रौनियार
- श्री गुणराज भट्ट
- मेजर कुवेर बहादुर श्रेष्ठ
- डा. माधव कुमार श्रेष्ठ
- श्री उत्तम दत्त पाण्डे
- श्री भक्ती प्रसाद उप्रेती
- श्री चन्द्र नारायण श्रेण्ठ
- श्री कृष्ण प्रसाद अधिकारी
- संचालक श्री निरञ्जन कुमार टिवरेवाला (शेयरधनीको हैसियतमा)



NEPAL SBI BANK LTD. CORPORATE OFFICE KTM.

## १०. मन्तव्य, प्रतिक्रिया तथा प्रत्युत्तर :–

छलफलका क्रममा उल्लिखित शेयरधनीहरूले बैंकको नियमावलीमा संशोधन तथा बैंकको कामकारबाहीका सम्बन्धमा आ-आफ्ना राय, धारणा, प्रश्न, जिज्ञासा, सुझाव तथा प्रतिक्रिया व्यक्त गर्नुभयो । उहाँहरूबाट व्यक्त धारणा, प्रश्न, जिज्ञासा, सुझाव तथा प्रतिक्रियालाई यसै माइन्यूटको अभिन्न अंगको रूपमा अनुसूची १ मा समावेश गरिएको छ ।

वक्ताहरूको बोल्ने क्रम सकिएपछि सभाध्यक्ष श्री केशव राज आचार्यले बैंकको नियमावलीमा संशोधन तथा बैंकको कामकारोबारका सम्बन्धमा शेयरधनीहरूबाट व्यक्त सुझाव तथा प्रतिक्रियाका लागि उहाँहरूलाई धन्यवाद ज्ञापन गर्नुभयो र सभामा कारवाही अगाडि बढाउनु भयो ।

## ११. सभाको निर्णय :–

### क. विशेष प्रस्तावः

१. सभाध्यक्षले विशेष प्रस्ताव अन्तर्गत बुँदा १ मा प्रस्तावित गरिए अनुसार संचालक समितिको गठन तथा समितिमा शेयरधनीहरूको समुहगत प्रतिनिधत्वमा परिवर्तन गरी संस्थापक शेयरधनी समुहलाई प्रतिनिधित्व गर्ने शेयरधनीहरूबाट ४ जना र सर्वसाधारण शेयरधनी समुहलाई प्रतिनिधित्व गर्ने शेयरधनीहरूबाट १ जना र स्वतन्त्र संचालक १ जना गरी संचालक समितिमा ६ जना सदस्यहरु रहने व्यवस्था कायम गर्न बैंकको नियमावलीको नियम ८ को उपनियम (१) र (२), नियम १६ र नियम १७ मा संशोधन गर्ने सम्बन्धि विषेश प्रस्ताव स्वीकृत गरिदिन सभासमक्ष पेश गर्नुभएकोमा कम्पनी ऐन, २०६३ को दफा ७४ बमोजिम विशेष प्रस्ताव परित हुन उपस्थित शेयरधनीहरु मध्ये ७५ प्रतिशत शेयरको प्रतिनिधित्व गर्ने शेयरधनीहरुले प्रस्तावको पक्षमा मत दिएमा प्रस्ताव स्वीकृत हुने व्यवस्था रहेकोमा बैंकको कूल चुक्ता शेयर ६,९७,१७,९८२.५९ मध्ये ४,९२,४८,२३२ शेयर (७०.६४ प्रतिशत) को प्रतिनिधत्व गर्ने सभामा उपस्थित शेयरधनीहरु मध्ये ४९,०३२,४६२.३० शेयर भन्दा बढी, अर्थात् उपस्थित हुने शेयरधनीले धारण गरेको शेयरको ९९ प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधत्व गर्ने शेयरधनीहरु (संस्थापक तथा सर्वसाधारण दुवै समूह) ले प्रस्तावको पक्षमा ध्वनी मतले (ताली बजाई) समर्थन गनुर्भएको हुँदा सभाले उक्त प्रस्ताव स्वीकृत/पारित गऱ्यो ।



NEPAL SBI BANK LTD. CORPORATE OFFICE KTM.

**नियमावलीको नियम ८(१), ८(२), १६ तथा १७ को सट्टामा देहायबमोजिम नियम ८(१), ८(२), १६ तथा १७ कायम गर्ने:**

**नियम ८(१)** : संस्थापक समुह तथा सर्वसाधारण शेयरधनी समुह प्रत्येकले धारण गरेको शेयरको अनूपातमा संचालकहरू क्रमश: नियूक्त तथा निर्वाचित हूनेछन् ।

तर, स्वतन्त्र संचालकको नियूक्ति यस नियमावलीको नियम १७ मा उल्लिखित व्यवस्थाको अधीनमा रही संचालकसमितिबाट हूनेछ ।

**नियम ८(२)** : संचालकसमितिमा ६ जना सदस्यहरू रहनेछन् र संचालकसमितिको गठन तथा समितिमा शेयरधनीहरूको समुहगत प्रतिनिधत्व देहायबमोजिम हूनेछ:

(क) संस्थापक शेयरधनी समुह (समुह "क") लाई प्रतिनिधित्व गर्ने शेयरधनीहरूबाट मनोनीत सदस्यहरू - ४

अ) एस.बि.आई. - ३

आ) कर्मचारी संचय कोष - १

(ख) सर्वसाधारण शेयरधनी समुह (समुह "ख") लाई प्रतिनिधित्व गर्ने शेयरधनीहरूबाट निर्वाचित - १

(ग) यस नियमावलीको नियम १७ बमोजिम संचालकसमितिले नियुक्त गर्ने स्वतन्त्र संचालक - १

**नियम १६:** व्यावसायिक विशेषज्ञ संचालकको नियूक्तिसम्बन्धी व्यवस्था : हटाइएको ।

**नियम १७:** स्वतन्त्र संचालकसम्बन्धी व्यवस्था : प्रचलित बैंक तथा वित्तीय संस्थासम्बन्धी कानुनले गरेको व्यवस्थाबमोजिम बैंकले एक जना स्वतन्त्र संचालक नियूक्त गर्नेछ । त्यस्तो संचालकको पदावधि, योग्यता लगायतका विषयहरु प्रचलित बैंक तथा वित्तीय संस्थासम्बन्धी कानूनमा तोकिए बमोजिम हुनेछ र त्यस्तो संचालकको नियुक्तीको जानकारी लगतै बस्ने साधारणसभालाई दिइनेछ ।

२. नियमावलीका दफा/नियममा भएको संशोधनका सम्बन्धमा नियमन निकायहरूले कुनै निर्देशन दिएमा संचालक समितिलाई नियमावलीको संशोधित नियम/दफामा आवश्यकताअनुसार



NEPAL SBI BANK LTD. CORPORATE OFFICE KTM.

परिवर्तन/परिमार्जन गर्न अख्तियारी गर्नेसम्बन्धी प्रस्ताव पारित गरिदिन सभाध्यक्षले सभासमक्ष पेश गर्नुभएकोमा नियमावलीको संशोधित व्यवस्था तथा त्यसको तीन महले तयार गर्ने, भाषागत एवं ढाँचागत स्वरूप निर्धारण गर्ने, त्यसको हेरफेर गर्ने, प्रमाणित गर्ने, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल राष्ट्र बैंक लगायत सम्बद्ध निकायसमक्ष आवश्यकता अनुसार नियमावली स्वीकृतिका लागि पेश गर्न तथा संशोधनको अभिलेख गराउने लगायतका आवश्यक कामकारबाही गर्न तथा यस साधारणसभाका कुनैपनि निर्णयको कार्यान्वयनको सिलसिलामा कुनै अस्पष्टता वा द्विविधा उत्पन्न भएमा त्यस्तो अस्पष्टता वा द्विविधा हटाउन उचित व्याख्या गर्ने तथा यस सम्बन्धमा नियमन निकायहरूले कुनै निर्देशन दिएमा संचालक समितिलाई नियमावलीको संशोधित नियम/दफामा आवश्यकता अनुसार परिवर्तन/परिमार्जन गर्न अख्तियारी प्रदान गर्ने समेत सर्वसम्मतिबाट निर्णय गऱ्यो ।

३. विविध (अध्यक्षज्यूको अनुमतिमा) तर्फ कुनै विषय नभएकोले कुनै छलफल नभएको ।

**१२. सभाध्यक्षले साधारणसभामा प्रस्तुत सम्पूर्ण विषयहरू आधिकारिक छलफल भई पारित भएको घोषणा गर्नुभयो ।**

तत्पश्चात् दिनको दिउँसो १२:३१ बजे सभाध्यक्ष श्री केशव प्रसाद आचार्यले यस साधारण सभाको छलफलको सूचीमा परेका सम्पूर्ण विषयहरु प्रस्तावको रुपमा सभामा पेश भएको र उल्लिखित सम्पूर्ण विषयबस्तुहरुमा छलफल भई प्रस्तुत विषयबस्तुहरु मध्ये बैंकको नियमावलीमा संशोधन तर्फ नियम ८(१), नियम ८(२), नियम १६ र १७ को हकमा उपस्थित शेयरधनी मध्ये ९९ प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधत्व गर्ने शेयरधनीहरुको बहुमतबाट र अन्य विषय/प्रस्तावहरु सभाबाट सर्वसम्मतीले पारित भएको घोषणा गर्नुभयो ।

साथै, सभामा उपस्थित शेयरधनीमहानुभावहरु, नियमन निकायप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दै बैंकको हितका लागि निरन्तर क्रियशील भई सदैव ग्राहक सेवामा लागि पर्ने बैंक व्यवस्थापन तथा कर्मचारी वर्गको उच्च प्रशंसा गर्दै विधिवत् रुपमा सभा विसर्जन गर्नुभयो ।

| | | |
|---|---|---|
| रमेश घिमिरे<br>(कम्पनी सचिव) | NEPAL SBI BANK LTD. CORPORATE OFFICE KTM. | केशव राज आचार्य<br>(सभाध्यक्ष) |

*अनुसूची १*

❖ **श्री अमृत नाथ रेग्मी:**

- बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले ७ जना सम्म संचालकको व्यवस्था गरेको र संस्थापकलाई एउटै समुह मानी संचालक संख्या तय गर्ने तर्फ ध्यानकर्षण गराउदै संस्थापक शेयरधनी तर्फ ४ र सर्वसाधारण शेयरधनी तर्फ २ संचालक हुने व्यवस्थातर्फ विचार गर्न अनुरोध ।
- सर्वसाधारण शेयरधनीले निर्वाचन गर्ने संचालक संख्या निर्णय गर्ने अधिकार संस्थापकले गर्न नसक्ने हुँदा सर्वसाधारण शेयरधनीलाईनै निर्णय गर्न दिइनुपर्ने धारणा व्यक्त ।
- यस बैंकलाई नेपालको Top बैंक बनाउने तर्फ ध्यान दिन आग्रह गर्दै आफ्नो जिज्ञासाहरुको अध्यक्षज्यूबाट उत्तर प्राप्त गर्ने अपेक्षा व्यक्त ।

❖ **डा. माधव कुमार श्रेष्ठ:**

- नियमावलीको नियम १६ मा भएको विशेषज्ञ संचालक सम्बन्धी व्यवस्था हटाउनुपर्नाको सम्बन्धमा जिज्ञासा व्यक्त ।

❖ **श्री बलराम सापकोटा:**

- एस.बि.आई. को ५५ प्रतिशत, कर्मचारी संचय कोषको १५ प्रतिशत गरी संस्थापकको ७० प्रतिशत शेयर स्वामित्व रहेकोमा ७० प्रतिशत शेयरधनीलाई ४ जना संचालक र ३० प्रतिशत शेयर धारण गर्ने शेयरधनीलाई जम्मा १ जना संचालक हुने गरी गरिएको संशोधन प्रस्ताब गरिएको सम्बन्धमा सो को स्पष्ट आधार खुलाउन आग्रह ।
- नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम साधारणसभा बोलाइएको भनिए पनि नेपाल राष्ट्र बैंकले सर्वसाधारण शेयरधनी संचालकको संख्या घटाउन निर्देशन नदिएको धारणा व्यक्त ।
- सर्वसाधारण शेयरधनी समूहबाट निर्वाचित हुने संचालक श्री निरञ्जन कुमार टिवरेवाला र श्री संजय कुमार सुरेका समक्ष साधारण सभा समक्ष प्रस्तुत प्रस्तावका सम्बन्धमा साधारणसभा समक्ष जवाफ दिन आग्रह ।
- ४ लाख भन्दा बढी संचयकर्ताहरुको संस्था कर्मचारी संचयकोषतर्फबाट मनोनित संचालकले सर्वसाधारण संचालकहरुको संख्या घटाउन मन्जुर गरेको सम्बन्धमा जिज्ञासा व्यक्त ।
- सर्वसाधारण शेयरधनीको तर्फबाट निर्वाचित हुने संचालकको संख्या घटाउने सम्बन्धमा विशेषज्ञ संचालकको समेत राय दिन आग्रह गर्दै ६ जना सम्मिलित संचालक समितिको सट्टामा ७ जनाको संचालक समिति प्रस्ताव गर्न माग ।

❖ **श्री उत्तमदत्त पाण्डे:**

- प्रस्तावित समितिको गठन सम्बन्धी व्यवस्थाले ३० प्रतिशत शेयर धारण गर्ने शेयरधनीलाई २ जना संचालक दिईनु पर्ने तर्क प्रस्तुत ।
- प्रस्तावित संशोधनले सर्वसाधारण शेयरधनीको हक अधिकारमा कटौती गर्ने र यस्तो व्यवस्थाले अन्य बैंक तथा वित्तीय संस्थामा समेत सर्वसाधारण शेयरधनीको हक अधिकार



NEPAL SBI BANK LTD. CORPORATE OFFICE KTM.

कटौती सुरु भई रोगको रुपमा फैलने भएको हुँदा सभामा प्रस्ताव पारित हुनबाट रोक्नु पर्ने धारण व्यक्त ।

- १५ प्रतिशत शेयरहुने कर्मचारी संचय कोषले १ जना संचालक पाउने हो भने ३० प्रतिशत शेयर हुने सर्वसाधारणलाई २ जना संचालक दिनुपर्ने माग ।
- संचालकको प्रतिनिधित्व सम्बन्धी अनुपात नमिलेको सम्बन्धमा अदालतमा मुद्धा विचाराधिन रहेको र अदालतको छलफलमा समेत अनुपात नमिलेको भन्ने धारणा कानून व्यवसायीहरुबाट व्यक्त भएको धारणा प्रस्तुत ।
- साधारणसभाले सर्वसाधरण शेयरधनीको माग सम्बोधन नगरेमा सभाको निर्णय विरुद्ध अदालतमा निवेदन गर्ने धारणा व्यक्त ।

❖ **श्री बैजनाथ रौनियारः**

- बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ ले ५ देखि ७ जनासम्म संचालकको व्यवस्था गरेकोमा ६ जनाको मात्र संचालक समिति प्रस्ताव गरिएकोमा असन्तुष्टि प्रकट ।
- अन्य बैंकहरुले कार्ड मार्फत भारतमा रु.१० हजार देखि रु.१५ हजारसम्म एक पटकमा निकाल्न पाउने व्यवस्था गरेकोमा यस बैंकले किन रु.७,५००/- मात्र गरेको भन्ने जिज्ञासा व्यक्त गर्दै सर्वसाधारणलाई घाटाहुने यस्तो व्यवस्था तत्काल हटाउन आग्रह ।
- विशेष साधारण सभामा प्रस्तावित संचालक समितिको गठन सम्बन्धि संशोधन गर्ने प्रस्ताव पारित गर्न नहुनेमा जोड ।

❖ **श्री भक्ती प्रसाद उप्रेतीः**

- बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ ले ५ देखि ७ जनासम्म संचालकको व्यवस्था गरेकोमा ६ जनाको मात्र संचालक समिति रहने गरी गरिएको प्रस्तावले सर्वसाधारणको १ जना प्रतिनिधि घटाउने भएको हुँदा ७ जनाको संचालक समिति प्रस्ताव गरी सर्वसाधारण शेयरधनीलाई २ जना संचालक दिन माग ।
- सर्वसाधारण शेयरधनीको हक अधिकारमा कटौति गर्ने प्रस्ताव पास भएमा भोलि सम्पूर्ण बैंक तथा वित्तीय संस्थामा यस्तो व्यवस्था सुरु हुने हुँदा अन्यको हकम जे सुकै व्यवस्था गरीएपनि सर्वसाधारणलाई २ जना संचालक दिनुपर्ने धारणा व्यक्त ।
- आर्थिक वर्ष समाप्त भईसकेको हुँदा दिपावली अगाडी वार्षिक साधारणसभा बोलाई न्यूनतम १५ प्रतिशत वोनश शेयर र नगद लाभांश समेत दिन अनुरोध ।

❖ **श्री गुणराज भट्टः**

- सर्वसाधारण शेयरधनीको प्रतिनिधत्व घट्दा बैंक संचालनमा असर पर्ने सक्ने धारणा व्यक्त ।
- विशेष साधारण सभाको सम्बन्धमा कुनै सर्वसाधारण शेयरधनीले मुद्धा हालेकोमा सात/सात जना वकिल राखेर बैंकको खर्च बढाउन नपाईने धारणा व्यक्त ।
- साविकको जस्तै सर्वसाधारण शेयरधनीबाट २ जना संचालक हुनुपर्ने माग ।

❖ **श्री चन्द्र नारायण श्रेष्ठ :**

- सर्वसाधारण शेयरधनीहरुको हक अधिकारमा प्रभाव पार्ने निर्णयहरु नगर्न अनुरोध ।



NEPAL SBI BANK LTD. CORPORATE OFFICE KTM.

- सर्वसाधारण शेयरधनीबाट निर्वाचित संचालकहरु सर्वसाधारण शेयरधनीको अभिभावक रहेको हुँदा संचालकको संख्यामा कटौति गरी सर्वसाधारण शेयरधनीहरुको अधिकार प्रभावित पार्ने हक अधिकारमा कटौति गर्ने कुनैपनि नियमहरु नल्याउन अनुरोध ।

❖ **मेजर कुवेर बहादुर श्रेष्ठ:**

- Enquired why the shareholdes representing 30% is being proposed with one director whereas shareholder representing 15% is also provided with one directorship.
- Board should advise the rational in decreasing the size of the public representation with its business so that the general public shareholders may agree with the proposal.
- Since the Bank runs from the support of each stakeholder the size of the Board should be mutually decided with the mutual consensus of the public and promoter shareholders.
- Expressed that provision regarding appointment of outside director as expert or independent is wrong. This provision appears to have been introduced for the sake of giving employement to the retired officials and families of regulators.
- Enquired about the opinion/version of Public Directors representing the Board, independent expert director and directors representing the Employee Provident fund.
- Requested to increase the size of the Board from proposed 6 to 7 and provide 2 directorship to General Public Shareholders, if possible.
- Anticipated at least 30% bonus shares to the shareholders in upcoming AGM.

❖ **श्री कृष्ण प्रसाद अधिकारी:**

- अन्य शेयरधनी समूहको तुलनामा सर्वसाधारण शेयरधनीलाई छुट्याइएको सिट संख्या कम भएको र यस्तो व्यवस्था प्राकृतिक न्यायको सिद्धान्त विपरित हुने धारणा व्यक्त गर्दै छलफल गरी सकेसम्म सर्वसाधारण शेयरधनीलाई २ जना संचालक हुने व्यवस्था मिलाउन आग्रह ।
- सभामा प्रस्तावित विषयका सम्बन्धमा सर्वसाधारण शेयरधनीलाई प्रतिनिधित्व गर्ने २ जना संचालकको धारणाका सम्बन्धमा जिज्ञासा व्यक्त ।

❖ **श्री निरञ्जन कुमार टिवरेवाला :**

- नियमावलीको प्रस्तावित संशोधनको सम्बन्धमा संचालक समितिमा छलफल हुँदा सर्वसाधारण शेयरधनीहरुले भनेजस्तै सर्वसाधारण शेयरधनीबाट प्रतिनिधित्व गर्ने २ जना संचालक सहित ७ जनाको संचालक समितिको माग गरेको र बहुमतले ६ जनाको संचालक समिति बनाउने प्रस्ताव साधारणसभामा लाने निर्णय गरेकोमा उक्त निणर्यमा आफूले Note of Dissent राखेर उक्त Note of Dissent को सम्बन्धमा नेपाल राष्ट्र बैंकमा समेत निवेदन गरेको जानकारी गराउनुभयो ।
- बैंकको स्थापनाकाल देखिनै ३० प्रतिशत शेयरधनीलाई २ जना संचालक दिने गरी विदेशी लगानी सम्झौता गरीएको धारण व्यक्त गर्दै यसमार्फत गरिएको प्रतिवद्धता पुरा गर्नुपर्ने धारणा व्यक्त ।



NEPAL SBI BANK LTD. CORPORATE OFFICE KTM.

- संस्थागत शुसाशन अनुसार विजोर संख्यामा संचालकको संख्या निर्धारण गर्नुपर्नेमा जोर संख्या प्रस्ताव गरिएको धारणा व्यक्त ।
- शेयरधनीहरु अंशियार भएको हुँदा आफ्नो लगानीको अनुपातमा अशं पाउनुपर्ने अर्थात संचालक समितिमा प्रतिनिधित्व पाउनुपर्नेमा अंशियारमध्ये तँलाई यती मलाई यती भनेर कसैले भन्न मिल्दैन अंशियार मध्ये यति जनाले पाउने र यति जनाले नपाउने भन्न नपाईने धारण व्यक्त ।
- समितिको गठन सम्बन्धी कुराहरु कानून सम्मत हुनुपर्ने र बहुमतले निणर्य गर्न नसक्ने धारण व्यक्त ।
- एस.बि.आई.ले नेपाल एसबिआईमा गरेको लगानी र उहाँहरुको सहयोगलाई सम्मान गरेको र गर्दैआइरहेको जानकारी गराउँदै एस.बि.आई. समेत सर्वसाधारणको अधिकारको सम्बन्धमा सचेत हुनुपर्ने धारणा व्यक्त ।
- बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा नियमावलीले धारण गरेको शेयरको अनूपातमा संचालक नियुक्त/मनोनित तथा निर्वाचित गर्न पाउने व्यवस्था गरेकोले बहुमतले निर्णय गर्न नसक्ने धारणा व्यक्त ।
- नेपाल राष्ट्र बैंकले बाफिया बमोजिम ७ को ६ गर सर्वसाधारण संचालकतर्फ १ घटाऊ नभनेको र शेयरधनीको शेयर स्वामित्वको आधारमा गर भनेको हो भन्ने जानकारी गराउँदै ७० प्रतिशतलाई ४ जना र ३० प्रतिशतलाई १ जना कस्तो अनुपात हो र यस्तो अनुपात सर्वसाधारण शेयरधनीलाई कसरी स्विकार्य हुन्छ भन्ने प्रश्न व्यक्त ।
- संचालक समितिको गठनका सम्बन्धमा नियमावलीमा संशोधनको विषयमा संचालक समितिको बैठकमा छलफल हुँदा आफूले ५, ६ वा ७ जनाको संचालक समितिको गठनको प्रस्ताव मध्ये सर्वसाधारण शेयरधनीबाट निर्वाचित संचालकको संख्या २ जना हुने गरी ७ जनाको संचालक समिति कायम गर्ने प्रस्ताव गरेकोमा एस.बि.आई.लाई प्रतिनिधित्व गर्ने ३ जना संचालक, कर्मचारी कोषलाई प्रतिनिधित्व गर्ने संचालक लगायत उपस्थित अन्य संचालक समेतले ६ जनाको संचालक समिति प्रस्ताव गरी बहुमतले निर्णय गर्दा उक्त निर्णय सर्वसाधारण शेयरधनीलाई मान्य नहुने भन्दै सर्वसाधारण शेयरधनीलाई प्रतिनिधित्व गर्ने संचालकहरुले आफ्नो भिन्न राय अर्थात सर्वसाधारण शेयरधनीबाट निर्वाचित संचालकको संख्या २ जना हुने गरी ७ जनाको संचालक समिति कायम गर्नुपर्ने राय व्यक्त गरी Note of Dissent लेखेको जानकारी गराउँदै आजको यस सभामा समेत सर्वसाधारण शेयरधनीबाट प्रतिनिधित्व गर्ने संचालकको संख्यामा कटौती गरि ल्याइएको प्रस्ताव उपर शेयरधनीको हैसियतमा यो प्रस्तावमा समर्थन जनाउन असमर्थ हुने धारण व्यक्त गर्दै उक्त प्रस्तावमा आफ्नो Note of Dissent रहेको जानकारी ।

NEPAL SBI BANK LTD. CORPORATE OFFICE KTM.